# आकाशवाणी समाचार- नेपाली

मितिः ०३ नोभेम्बर २०२४

समयः १९:५० - २०:०० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भाइटीका (भाई दूज)को अवसरमा देशवासीलाई शुभकामना दिनु भएको छ। देशको विभिन्न स्थानहरु लगायत विदेशमा पनि भाइ टिका पालन गरिएको छ।

२. केन्द्रीय गृहमन्त्री अमित शाहले भन्नु भयो, भाजपा हेमन्त सोरेनलाई सत्ताबाट हटाउन मात्र चुनाव लडिरहेको छैन तर झारखण्डमा परिवर्तन ल्याउनको लागि हो।

३. विदेश मन्त्री एस जयशंकरले भारतले एक रूपरेखा तयार गरेको छ जसले आगामी समयमा अस्ट्रेलियासँगको सम्बन्धलाई अझ बलियो बनाउने बताउनु भएको छ।

४. जम्मु कश्मीरको श्रीनगरस्थित आइतबारे बजारमा भएको ग्रेनेड विस्फोटमा १० जना घाइते भएका छन्।

५. न्युजिल्यान्डले भारतसँगको तीन म्याचको टेस्ट क्रिकेट शृंखला ३–० ले जितेको छ।

**पीएम-भाई दूज**

प्रधानमन्त्री नरेन्द्र मोदीले भाइटीका (भाई दूज)को अवसरमा देशवासीलाई शुभकामना दिनु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै उहाँले यो पर्वले दाजुभाइ तथा दिदी बहिनीबीचको स्नेहलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गर्नु भएको छ।

****** ० ******

**भाइ टीका**

देश विदेशबाट भाइ टीका पालन गरिएको समाचार प्राप्त भइरहेको छ। आज मुम्बईमा ख्यातीप्राप्त गायिका आशा भोशलेले मुम्बई बीजेपी अध्यक्ष आशिष सेलारलाई भाइ टीका लगाउन गइन्, यसै क्रममा नेपाली जगतका गायक अभिनेता र कलाकारहरूले पनि मुम्बईमा भाइ टीका पालन गरे। उत्तराखण्डमा भाजपा की सांसद श्रीमती माला राज्य लक्ष्मी शाहले पनि भाइ टीका लगाउनु भएको समाचार प्राप्त छ। यसरी नै हिमाचल प्रदेशको धर्मशालामा नेपाली समुदायले हर्षोल्लासका साथ भाइ टीका पर्व पालन गरे। उत्तराखण्डको हरिद्वारमा पतांन्जली योग पीठका बाबा रामदेव र आचार्य बालकृष्णले पनि भाइ टीका लगाइ यस पर्वको पालन गरे। मेरठ, कानपुर, गोरखपुर र काशी स्थित् सैन्य छावनीमा पनि गोर्खा समुदायले भाइ टीका पालन गरे। सिक्किममा यो पर्व भव्य रूपमा पालन गरियो भने सिलगढ़ी, तराई डुवर्स तथा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन इलाकामा दाज्यू भाइहरूले टीका र फूलमाला लगाइ आउ-जाउ गरिरहेको सुन्दर दृश्य देखियो।

****** ० ******

**प्रधानमंत्री-टीबीमा कमी**

प्रधानमंत्री नरेंद्र मोदीले आज भन्नु भयो क्षयरोगको मामिलामा कमी भारतको समर्पित र अभिनव प्रयासहरुको परिणाम हो। देशको प्रगतिको सराहना गर्दै श्री मोदीले सोशल मीडिया पोस्ट मा भन्नु भयो सामूहिक भावना को माध्यमबाट सरकार **टीबी मुक्त भारत** को दिशामा काम गरि रहनेछ। उहाँले भन्नु भयो सरकार **टीबी मुक्त भारत** बनाउने प्रतिबद्धतामा दृढ़ छ। विश्व स्वास्थ्य संगठन अनुसार भारतमा 2015 देखि 2023 सम्म टीबी (क्षयरोग ) को मामिलामा 17 दशमलव 7 प्रतिशत कमी दर्ज गरिएको छ।यो दर वैश्विक गिरावट 8 दशमलव 3 प्रतिशत भन्दा दुइगुणा भन्दा अधिक हो। हिज सोशल मीडिया पोस्टमा जानकारी साझा गर्दै स्वास्थ्य मंत्री जेपी नड्डाले यस कुरोमा जोड़ दिनु भयो कि टीबी की रोकथाम र नियंत्रणको लागी भारतको परिवर्तनकारी दृष्टिकोणलाई दर्शाउदछ। उहाँले उल्लेख गर्नु भयो सरकारले टीबी रोगिहरुको आवश्यक पोषण सहायता प्रदान गर्नको लागी **नि-क्षय पोषण योजना** जस्ता प्रमुख पहल गरेर राष्ट्रीय टीबी उन्मूलन कार्यक्रमको विस्तार र सुदृढ़ीकरण गरेको छ।

****** ० ******

**झारखण्ड- अमित शाह रैली**

भाजपाका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले भाजपा सत्तामा आयो भने झारखण्डका सबै भ्रष्ट नेताहरूलाई जेलमा हाल्ने बताउनु भएको छ। झारखण्डको चतराको सिमरियामा चुनावी ऱ्यालीलाई सम्बोधन गर्नु हुँदै श्री शाहले भन्नु भयो, भाजपा हेमन्त सोरेनलाई सत्ताबाट हटाउन मात्र चुनाव लडिरहेको छैन तर झारखण्डमा परिवर्तन ल्याउनको लागि हो। साना राजनीतिक

स्वार्थका लागि नक्सलवादलाई बढावा दिने झारखण्डबाट दलित विरोधी, जनजाति विरोधी, गरिब विरोधी र युवा विरोधी हेमन्त सरकारलाई हटाउने समय आएको श्री शाहले बताउनु भयो। उहाँले भन्नु भयो, हामीले विगत पाँच वर्षमा झारखण्डबाट नक्सलवादको खतरालाई हटायौं र अब प्रधानमन्त्री मोदीको नेतृत्वमा रहेको केन्द्र सरकारले मार्च २०२६ सम्ममा भारतबाट नक्सलवादलाई हटाउनेछ।

****** ० ******

**जयशंकर-अष्ट्रेलिया**

विदेश मन्त्री एस जयशंकरले आज भन्नुभयो, भारतले एक रूपरेखा तयार गरेको छ जसले आगामी समयमा अस्ट्रेलियासँगको सम्बन्धलाई अझ बलियो बनाउनेछ। दुई देशको भ्रमणको पहिलो चरणमा ब्रिस्बेनमा भारतीय समुदायलाई सम्बोधन गर्नु हुँदै श्री जयशंकरले भन्नु भयो, भारत उच्च विकासको बाटोमा छ र विश्वसँग अगाडि बढ्न चाहान्छ। उहाँले यो पनि भन्नु भयो, त्यहाँ क्वाड शीर्ष स्थानमा रहेकोमा कुनै शंका छैन र अष्ट्रेलिया हाम्रो द्विपक्षीय सम्बन्धमा त्यो संयन्त्रको संस्थापक साझेदार हो। उहाँले विश्वका चुनिंदा देशहरूसँग भारतको बृहत् रणनीतिक साझेदारी रहेको र अष्ट्रेलिया पनि तीमध्ये एक भएको बताउनु भयो। उहाँले शिक्षा र अनुसन्धानको क्षेत्रमा विश्वव्यापी सहकार्यका प्रशस्त अवसर रहेको बताउनु भयो। भ्रमणका क्रममा एस जयशंकरले अष्ट्रेलियाको ब्रिस्बेनमा रहेको भारतको चौथो महावाणिज्य दूतावासको उद्घाटन गर्नु हुनेछ। उहाँले क्यानबेरामा आफ्ना अष्ट्रेलियाली समकक्षी पेनी वोङसँग 15 औं विदेश मन्त्री फ्रेमवर्क संवादको सह-अध्यक्षता पनि गर्नु हुनेछ। उहाँले अस्ट्रेलियाको संसद भवनमा हुने दोस्रो रायसिना डाउन अन्डरको उद्घाटन सत्रलाई पनि सम्बोधन गर्नु हुनेछ।

****** ० ******

**जम्मु कश्मीर विस्फोट**

जम्मु कश्मीरको श्रीनगरस्थित आकाशवाणीको कार्यालय बाहिर आइतबारे बजारमा आज दिउँसो भएको ग्रेनेड विस्फोटमा १० जना सर्वसाधारण घाइते भएका छन्। प्राप्त जानकारी अनुसार, संदिग्ध आतंककारीहरूले TRC क्रसिङमा सुरक्षा बलको गाडीमा ग्रेनेड हाने, जुन आफ्नो लक्ष्यबाट छुटे र सडकमा विस्फोट भयो। आइतबारे बजारमा जाडो महिनाको किनमेलका लागि ठूलो संख्यामा मानिसहरु आउने गरेका छन्। जसका कारण बजारमा भीड लागेको थियो। यसैबीच पुलिसले उक्त क्षेत्रलाई घेरा हालेर आक्रमणकारीलाई पक्राउ गर्न व्यापक खोजी अभियान सुरु गरेको छ। जम्मू कश्मीरका लेफ्टिनेन्ट गभर्नर मनोज सिन्हाले यस हमलाको बारेमा पुलिस महानिदेशक नलिन प्रभात र सुरक्षा एजेन्सीका वरिष्ठ अधिकारीहरूसँग कुरा गर्नु भयो। उहाँले सुरक्षा अधिकारीहरूलाई आतङ्ककारी र उनीहरूका सहयोगीहरूलाई कारबाही गर्न प्रभावकारी र बलियो प्रतिक्रिया दिन निर्देशन दिनु भएको छ। श्री सिन्हाले आतंकवादी तत्वहरूलाई उनीहरूको नापाक योजनामा सफल हुन नदिने सरकारको संकल्पलाई पुन: पुष्टि गर्नुभयो।

****** ० ******

**आतंकवादी पक्राउ**

कश्मीर उपत्यकाको पुलिसले सुरक्षा बलहरूसँग मिलेर दक्षिण कश्मीरको पुलवामा जिल्लामा प्रतिबन्धित आतंकवादी संगठन हिजबुल मुजाहिद्दीनसँग सम्बन्धित एक आतंककारीको एक सहयोगीलाई पक्राउ गरेको छ। पुलिस, राष्ट्रिय राइफल्स र सीआरपीएफको संयुक्त टोलीले आतंकवादी सहयोगीलाई डेंगरपोरा पुलवामाबाट पक्राउ गरेको थियो। सेनाको संयुक्त टोलीले उनको पसलमा छापा मारेर लुकाइएका हात-हतियार र गोली जफ्त गरेको थियो।

****** ० ******

**शीतकालीन सत्र**

संसदको शीतकालीन सत्र २५ नवम्बरदेखि शुरु हुने सम्भावना छ |महाराष्ट्र झारखण्डको बिधानसभा चुनाव समाप्त हुने बित्तिकै संसद्को शीतकालीन सत्र शुरु हुने जानकारी संसदका बिशेष शुत्रहरुद्वारा जानकारी प्राप्त भएको छ| यस शीतकालीन सत्रमा शहरी नक्शलवाद , एक देश एक चुनाव साथै वाक्फ़ बोर्ड बिधेयक पेश गरिने प्रबल सम्भावना छ |

****** ० ******

**केरला - अश्विनी वैष्णव**

रेल मन्त्री अश्विनी वैष्णवले केरलाको अंगमालीदेखि एरुमेलीसम्मको सबरी रेलवे लाइनलाई मूल डिजाइन अनुसार निर्माण गर्न केन्द्र सरकार प्रतिबद्ध छ। उहाँले आज दिउँसो त्रिशूर रेलवे स्टेशनमा एक कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। केन्द्र सरकारले छिट्टै आयोजनाको मस्यौदा राज्य सरकारलाई पठाउने र मस्यौदा भरेर अगाडि बढाइने उहाँले बताउनु भयो। केरला सरकारले प्रस्ताव गरेको हाई-स्पीड के-रेल परियोजनाको सन्दर्भमा, श्री वैष्णवले भन्नु भयो, परियोजनासँग सम्बन्धित सबै वातावरणीय समस्याहरू

तुरुन्तै सम्बोधन भएमा यो पनि लिन सकिन्छ। केरलामा रेलवे क्षमता बढाउन केन्द्र सरकार इच्छुक रहेको उल्लेख गर्नु हुँदै उहाँले भन्नु भयो, हाम्रो फोकस मङ्गलोरदेखि शोरानुर र तेस्रो लाइन शोरानुरदेखि कन्याकुमारी हुँदै कोट्टायम र तिरुवनन्तपुरमको बीचमा छ। उहाँले रेलमार्गको विकास राजनीतिभन्दा माथि उठेर जनताको सर्वाङ्गीण विकासमा केन्द्रित हुनुपर्ने बताउनु भयो।

****** ० ******

**वायु प्रदूषण**

सरकारले आज भनेको छ १५ अक्टोबरदेखि 31अक्टोबरसम्म दिल्ली-एनसीआरमा कुल 54 हजार सवारी साधनलाई प्रदूषण नियन्त्रण प्रमाणपत्र-पीयूसी नभएको कारण चालान गरिएको छ। वातावरण मन्त्रालयले यस क्षेत्रमा वायु प्रदूषण कम गर्न GRAP को पहिलो र दोस्रो चरण अन्तर्गत विभिन्न उपायहरू थालिएको बताएको छ। यस अवधिमा एनसीआरभरि तीन हजार नौ सयभन्दा बढी पुराना सवारीसाधन नियन्त्रणमा लिएका छन्। ५९७ निर्माण तथा भत्काइएका स्थलमा वातावरणीय क्षतिपूर्ति–ईसी लगाएको छ र त्यस्ता ५६ साइट बन्द गर्न आदेश जारी गरिएको छ।

****** ० ******

**क्रिकेट-भारत**

न्युजिल्यान्डले भारतसँगको तीन म्याचको टेस्ट क्रिकेट शृंखला ३–० ले जितेको छ। आज मुम्बईमा भएको तेस्रो तथा अन्तिम क्रिकेट टेस्टमा भारतलाई २५ रनले पराजित गरेको छ। जितका लागि १४७ रनको जवाफमा भारतको टोली १२१ रनमा अल आउट भयो। भारतको तर्फबाट ऋषभ पन्तले सर्वाधिक ६४ रन बनाएका थिए। वासिङ्टन सुन्दर १२ रन बनाएर आउट भए भने कप्तान रोहित शर्मा ११ रन बनाएर आउट भए। यीबाहेक अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अंक छुन सकेनन् । न्यूजिल्याण्डका लागि एजाज पटेलले ६ विकेट लिएका थिए। उनले पहिलो इनिङ्समा पाँच विकेट लिएका थिए । उनी खेलको प्लेयर अफ द म्याच घोषित भए । यसअघि न्युजिल्यान्डले हिजोको ९ विकेटको क्षतिमा १७१ रन बनाएर दोस्रो इनिङ्स सुरु गरेको थियो भने पुरा टोली १७४ रनमा आउट भएको थियो। भारतका लागि रविन्द्र जडेजाले ५ र रविचन्द्रन आश्विनले ३ विकेट लिएका थिए। आकाश दीप र वासिङ्टन सुन्दरले एक–एक विकेट लिए। ग्लेन फिलिप्सले सर्वाधिक ५१ रन बनाए। फिलिप्सले सिरिजमा कुल २४४ रन बनाएर प्लेयर अफ द सिरिज घोषित भए।

****** ० ******

**दिल्ली मेट्रो सतर्कता सप्ताह**

दिल्ली मेट्रो रेल कर्पोरेशनले आज सतर्कता जागरूकता सप्ताह मनाएको छ। २८ अक्टोबरदेखि ३ नोभेम्बरसम्म चलेको यस समारोहको समापनका अवसरमा दिल्ली मेट्रोका प्रमुख सतर्कता अधिकारी हिरेन्द्र सिंह राणाले दिल्ली मेट्रोमा इमान्दारी, पारदर्शिता र दक्षता ल्याउन मेट्रो सतर्कता विभागले गरिरहेको पहलबारे विस्तृत जानकारी दिनु भयो।

****** ० ******

**दिल्ली-मुख्यमन्त्री-मार्शल**

दिल्लीका मुख्यमन्त्री आतिशीले सबै बस मार्शलहरूको सेवा नियमित गर्न एक हप्ताभित्र उप राज्यपाललाई प्रस्ताव पठाउनु हुनेछ। तर, भाजपाले यो प्रस्तावको विरोध गर्ने उहाँको डर छ। सुश्री आतिशीले भाजपाले यस मामिलामा राजनीति गरेको आरोप लगाउनु भयो।

****** ० ******

**धान खरिद**

सरकारले आज ९० लाख टनभन्दा बढी धान बजारमा आएको जनाएको छ। यसमध्ये, 85 लाख टनभन्दा बढी धान पंजाबमा राज्य एजेन्सीहरू र भारतीय खाद्य निगम (FCI) द्वारा खरीद गरिएको थियो। सरकारले 'ए' ग्रेडको धानका लागि सरकारले तोकेको न्यूनतम समर्थन मूल्य २३ सय २० रुपियाँमा धान खरिद भइरहेको उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले जनाएको छ।

************